आइ.एस.एस.एन.:१६८५-४०१२ भाग १ अंक १ जनवरी-मार्च २००२

# स्ट्रिम

क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग

## स्ट्रि म जर्नल

### माछा मार्नेहरु र कृषकहरुको जिविकोपार्जन पद्दतिमा सिकाई र संचार

स्ट्रि मका सहयोगीहरु अष्ट्र`लियन सहयोग, विश्व खाद्य संगठन, नाका र भिएसओ

## विषय सूचि

द्वन्दको बारेमा एक अर्काबाट सिक्ने २

रोनेट सान्टोस

जलचर सम्पदा सम्बन्धि ज्ञानको आदान प्रदानका लागि ई–सिकाई ४
रोवर्ट टि.राव र जोनाथान उड्स

जलचर पालनमा जिविकोपार्जन, रणनीतिहरु , लैङ्गिक र सहभागिताः उत्तरी श्रीलंकामा गरिएको सहभागितात्मक अनुसन्धानको नतिजा ६
लिन्डसे जे.पोल्लोक र डेभिड लिटिल

उत्तर–मध्य भियतनाममा ठुलो बाघे झिंगेमाछा पालन ८
जोस्पर क्लाउसेन

नीति निर्माता र सरोकारवालासंग अन्तरक्रिया १०
टो फुक टोङ

एसिया प्रशान्त क्षेत्रमा पोषण चुनौतीलाई सामना गर्न पोषण संचारको भूमिका १२
गोर्जिना क्यारिन्स

द्वन्द व्यबस्थापनबाट सिक्ने, सूचना र संचार प्रविधि, जलचर व्यबस्थापन, कानुन बनाउने प्रकृया, जीवन पद्धति, लैङ्गिक अवधारण, सहभागिता, सरोकारवाला, नीति र संचार यिनै कुराहरु समावेश भएका छ वटा शिर्षकका लेखहरुको संगालो नै स्ट्रि मको पहिलो जर्नल हो । यि लेखहरुले स्ट्रि मले सिकाई र संचारको प्रबर्द्धनमा शुरु गरेको मुद्दाहरुबारे प्रकाश पारेका छन् । स्ट्रि म जर्नल विभिन्न सन्दर्भ, मुद्दा र विचारहरुको एक संगालो र लिखित दस्तावेज पनि हो जसले गर्दा अरुले पनि यसलाई ज्ञानको रुपमा ग्रहण गर्न सक्छन् । हाम्रो चाहना केवल आलोचना गर्ने मात्र होइन कि आफ्ना सहयोगीहरुलाई उपयुक्त आलोचनाको लागि समेट्नु पनि हो

स्ट्रि म जर्नलको संख्या भविष्यमा बढनुको साथै यसको स्वरुपमा पनि परिवर्तन हुदैं जानेछ । हामीले यसलाई कसरी सूचनामूलक उपयोगी र मनोरञ्जनात्मक बनाउन सकिन्छ भनेर आफूले सिकेका कुराहरु एकापसमा छलफल गर्नेछौं र सकेसम्म त्यस्तै बनाउने छौं । हामीले भन्दै आएका छौं कि लेखहरु साधारण अंग्रेजी भाषाका हुनुपर्नेछ जसले गर्दा यो सबै किसिमका पाठकहरुसम्म पुग्न सकोस् र मानिसहरुले आफ्नो पेशागत अंग्रेजी भाषा सुधारका लागि समेत यसको प्रयोग गर्न सकुन् । यि लेखहरु सजिलै विभिन्न देशका राष्ट्रि य भाषाहरुमा अनुवादित भई ती देशमा स्ट्रि म संचार केन्द्रद्व ारा वितरण गर्न सकियोस् ।

स्ट्रि म जर्नलको पहिलो अंकका दुई लेखहरुले प्रत्यक्ष देखि कम्प्युटर अनलाइनबाट सिक्ने प्रकृयालाई परिभाषित गरेको छ र यि दुवैले प्रयोग कर्ताको हातमा ज्ञानको पहुंच कसरी पु-याउन सकिन्छ भन्ने विषयमा व्याख्या गरेको छ । त्यसपछिका तीन लेखहरुले किसानद्धारा व्यबस्थित अनुसन्धानात्मक परीक्षणहरु, सरकारी नीति नियमका शुरुवातहरु र पुर्वाधारहरुको संचालनमा सहभागितात्मक मुद्धाहरुलाई कसरी बढाउन सकिन्छ भन्ने विषयहरुलाई उठाएका छन् । अन्तिम लेखले संचारलाई जोड दिएको छ जुन संचार स्ट्रि मले प्रबर्द्धन गर्न खोजेको सिकाइ र संचारको पक्षमा छ र हामी सबैसंग सम्बन्धित पोषणमा संचारका सिद्धान्तहरुलाई कसरी उपयोग गर्न सकिन्छ भन्नेमा आधारित छ ।

स्ट्रि म नै संचारका विभिन्न तरिकाहरु मध्ये एउटा हो, जुन भविष्यमा अन्तरकृयात्मक हुनेछ भन्ने कुरामा हामीलाई विश्वास छ । त्यसैले हामीले यसका पाठकहरुलाई स्ट्रि मका प्रत्येक विषय सुचिहरुबारे स्ट्रि मको वेभ साइटको छलफल मञ्चमा छलफल र बादविवाद गर्न प्रोत्साहित गर्छौं ।

जसको ठेगाना यस प्रकार छ - WWW.Streaminitiative.org

Graham Haylor, STREAM Director (ग्राहम हेलर, स्ट्रि म निर्देशक)

William Savage STRESM Journal Editor (विलियम स्याभेज, स्ट्रि म जर्नल सम्पादक)

## द्धन्दको बारेमा एक अर्कासंग सिक्ने

-रोनेट सान्टोस*

वेन्यामिन टावाकिङ इण्डोनेशियाको पूर्वी काली मान्ताङ्गमा बस्ने ड्याक मुलका व्यक्ति हुन् । उनी प्रमुख शहर समारिण्डाबाट ३०० किलोमिटर टाढाको जंगलमा बस्दछन् । उनको जीवन यापन गर्ने माध्यम शिकार खेल्नु, माछा मार्नु र आफ्नै उपभोगका लागि धान खेती र राटान खेती गर्नु हो । वेन्यामिन आफनो गाउँ संगठनका प्रमुख पनि हुन् । उनले बताए अनुसार उनी झण्डै चार महिना भन्दा बढी समय जेल परेका थिए । जेल पर्नाको प्रमुख कारण चाहिं उनले आफ्नै नेतृत्वमा एउटा ठुलो कम्पनीको वेस क्याम्पमा आगो लगाएका थिए । त्यो कम्पनीले इण्डोनेशियन सरकारसंग एउटा सम्झौता गरेर ड्याकहरुको मूलथलोमा एउटा पाम तेल कारखाना राख्न खोजेको थियो । तर यसले स्थानीय ड्याक जनतासंग कुनै सरसल्लाह गरेको थिएन । यो कम्पनीले उनीहरुसंग संझौता गर्न अस्विकार गरेकाले उनीहरु त्यस कम्पनीको आधार शिविरमा आगो लगाउन बाध्य भए । वेन्यामिनको गाउँलेहरु त्यस कम्पनीलाई पाम तेल उत्पादन गर्ने विरुवाहरु लगाउन दिन चाहादैन थिए । उनीहरुको विचारमा त्यस कारखानाले स्थानीय बासिन्दाहरुलाई कुनै फाइदा दिंदैन केवल जंगलको मात्र विनाश गर्छ । कम्पनी चाहिं एउटै कुरामा मात्र विवाद गरि रहन्थ्यो कि पाम विरुवाहरु रोप्नाले इण्डोनेशियाको राष्ट्रि य अर्थतन्त्रलाई मजबुत बनाउनुका साथै स्थानीय जनतालाई पनि फाइदा दिन्छ । यस घटनाबाट वेन्यामिनले सोचे कि त्यहांको स्थानीय सरकार, पुलिस र सेना समेत उक्त कम्पनीकै कुरामा सहमत छन् ।

### सवाल र जवाफहरुः

वेन्यामिन अगष्ट-सेप्टेम्बर २००१ मा स्पार्कद्वारा प्रायोजित फिलिपिन्सको अध्ययन भ्रमणका लागि ११ जना सहभागीहरु मध्ये छानिए । यस भ्रमण दलका १० जना अन्य सदस्यहरुमा ३ जना थाइ, ४ जना फिलिपिनो र ३ जना अरु इण्डोनेशियनहरु थिए । वेन्यामिनले स्थानीय समुदायहरुसंग द्धन्द्ध व्यावस्थापन वारेमा उनीहरुको अनुभवहरु के छ भनि छलफल गरे । उनी वास्तवमा कसरी ठुला कम्पनीहरुसंग वार्ता गर्ने, समुदायमा विद्यमान विभिन्न आवश्यकता भएका व्यक्तिहरुलाई कसरी एकै सुत्रमा बांध्ने भन्ने कुरामा केन्द्रित रहेर कुरा गर्न इच्छुक थिए ।

अध्ययन भ्रमणकै क्रममा उनले धेरै प्रस्तोताहरुको कुराहरु सुने । त्यसमध्ये वावीलोनिया विलनर फाउन्डेसनका लयिरपट लुनाले मोलतोल गर्नुको सट्टामा आफ्नो आवश्यकतामा केन्द्रित रहेर सकारात्मक संझौता कसरी गर्ने भन्ने कुरामा छलफल गरे । अर्का प्रस्तोताले द्धन्द्धको समयमा संझौताको लागि हुने तहगत वार्ताको महत्व बढी हुने कुरा वताए । वेन्यामिनसंग प्रशस्त प्रश्नहरु थिए । यदि स्थानीय समुदायको कुनै शक्तिशाली कम्पनीसंग द्धन्द्ध छ भने त्यहां तहगत रुपमा खेल्ने भूमी कस्तो हुन सक्छ र उक्त कम्पनीले स्थानीय वासिन्दा मध्ये केहीलाई रोजगारी पनि दियो भने, अथवा फुट पैदा गरिदियो भने, कसरी एक जनाले समुदायमा साझा चाहानाहरु जागृत गराउन सक्छ यस विषयमा उनी जान्न चाहन्थे ।

यस अध्ययन भ्रमणले वेन्यामिनलाई यस्ता प्रश्नहरुको जवाफ पाउने एउटा राम्रो मौका दियो । उनले कुनै किताब वा औपचारिक तालिम र विज्ञविना नै आफूजस्तै समस्यासंग जुधिरहेका अन्य समुदायहरुबाट कसरी द्धन्द्ध व्यबस्थापन र स्थानीय समुदाय वीचको द्धन्द कम गर्न सकिन्छ भन्ने कुरा जान्ने अवसर पाए । अध्ययन भ्रमणका प्रस्तोताहरुले उनलाई आफूलाई फाइदा हुने किसिमले आफू खेल्ने भूमी तयार गर्नु पर्ने वताए । कतिपय स्थानीय रितिरिवाज र समुदायको परम्परागत नियम कानुनले पनि बाह्रय निकाय र स्थानीय जनता विचको द्धन्द समाधानमा प्रमुख भूमिका खेल्न सक्छ । यी कुराहरुद्वारा स्थानीय वासिन्दालाई पनि समस्या समाधान तर्फ बढी चिन्तनशिल भएको देखाउन सकेमा स्थानीय जनतालाई फाइदा दिलाएर बाह्रय निकायहरुलाई एउटा संझौता गर्न वाध्य गर्न सकिन्छ ।

### बुझाई र काम गराईः

वेन्यामिनले पिआरए (PRA=Participatory Rural Appraisal) को नक्साहरु, सरोकालवालाहरुसंगको अभ्यासहरु र फिलिपिन्सको स्थानीय समुदायहरुबाट एउटा यस्तो लुकेको सत्य भएको द्धन्द व्यवस्थापनको प्रारुप

* क्षेत्रीय कार्यक्रम निर्देशक, भिएसओ-स्पार्क क्यूजोन सिटी फिलिपिन्स, इमेलः Ronet.Santos@vsoint.org

तयार पारे जसका अवस्था र रणनीतिहरु कतिपय सफल पनि भए र कति आजसम्म सफल हुन सकेका छैनन् । प्रारुप तयार पार्ने क्रममा उनले व्यवस्थापनका सिद्दान्त र चाल्नुपर्ने पाइलाहरुबारे थाहा पाए र द्धन्द व्यवस्थापनमा कहिल्यै पनि दवाव दिननहुने सधैं वार्ता नै गर्नुपर्ने निचोड निकाले । द्धन्द व्यवस्थापनले जहिले पनि जनताको न्युनतम चाहना प्रति विचार गर्नुपर्ने कुरा उनले थाहा पाए उनले अन्य स्थानीय समुदायहरुका विचार र अनुभवहरुलाई प्रत्यक्ष ग्रहण नगरेपनि उनीहरुबाट सिकेर उनले आफ्नो समुदायमा आउने अवस्थाहरुमा आफूले खेल्नुपर्ने भुमिकाका बारेमा राम्रो जानकारी हासिल गरे, त्यसपछि आफ्नो घर फर्केर आफूले सिकेका पाठहरु कार्य योजनामा बदल्ने प्रण गरे



स्पार्कका अध्ययन भ्रमणका सहभागीहरु समुदाय र स्थानीय सरकारी अधिकारीहरुसंग श्रोत उपयोगमा श्रोत नक्शा मौसमी क्यालेण्डर र जाल प्रयोगमा भएको द्व न्द विषयमा छलफल गर्दै

# जलचर सम्पदा सम्बन्धि ज्ञानको आदान प्रदानका लागि ई–सिकाई

--रोवर्ट टि. राव[1] र जोनाथान उड्स[2]

जल सम्पदाको महत्व के हो र यसलाई दिगो व्यबस्थापन गर्नको लागि के कस्ता चुनौतिहरुको सामना गर्नुपर्छ भन्ने कुरामा पहिले नै सचेत हुनुपर्छ । विश्वव्यापी रुपमा हेर्दा विश्वमा एकसय पचास मिलियन मानिसहरुले मत्स्यलाई आफ्नो रोजगारीको माध्यम बनाएका छन् । एक विलियन मानिसहरुको खाद्यमा प्रोटिनको श्रोतको रुपमा माछा रहेको छ । यो स्तरको उपभोग गर्दा प्राकृतिक रुपमा रहेको जलचरहरुको संख्यामा धेरै नै गिरावट आएको छ र यसले गर्दा अन्य जलचर व्यावस्थापनमा दिगोपन र गरीवहरुको पहुच यसमा पुग्न सक्ने देखिदैन ।

**संचार नै एउटा साँचोः**

जल सम्पदासंग सम्बन्धित धेरै मानिसहरुको विश्वास अनुसार खासगरी जलचरको राम्रो व्यवस्थापनमा बौद्धिक क्षमताको राम्रोसंग प्रयोग गर्न सके दिर्घकालसम्म यो सबैको पहुंचमा रहन सक्छ । डेग्नवोलको भनाई अनुसार मत्स्य अनुसन्धानमा क्षेत्रफल विस्तार भन्दा व्यवस्थापनको मुद्दामा वढी जोड दिन सकेको खण्डमा भविष्यको लागि लाभदायक हुन्छ । ICLARM का डाइरेक्टर जनरल मेरि विलियमस्का अनुसार खोला,नाला, पोखरी समुद्र, नदी जस्ता क्षेत्रका जलचरको राम्रो व्यवस्थापनको लागि यसका उपभोक्ताहरुसंग यि जलचरहरुको वर्षौंसम्म कसरी उपभोग गर्न सकिन्छ भन्ने बारे प्रत्यक्ष कुराकानी र विचार आदान प्रदान गर्नसके मात्र जलचरसंग सम्बन्धित गरीवहरुलाई प्रभावित पार्न सकिन्छ ।

**ई. शिक्षा**

नयाँ जानकारी र संचार क्षेत्रमा भएको तिव्र विकासले ज्ञानलाई प्रयोग कर्ताको हातमा राख्न सक्ने कलाको विकासलाई तिव्र वनाई दिएको छ । यसले गर्दा धेरै संघ संस्थाहरुलाई ज्ञानको विस्तार गर्नमा शक्तिशाली तुल्याई दिएको छ । जस्तै जलचरसंग आवद्ध भएका मानिसहरुलाई औपचारिक रुपमा तालिम प्रदान गर्न र लगातार यस सम्बन्धि शिक्षा प्रदान गर्न सजिलो भएको छ । ई–सिकाई शिक्षा प्रदान गर्नमा एक महत्वपूर्ण कडीको रुपमा देखा परेको छ । यसमा शिक्षक र विद्यार्थी वीच समय र स्थान वा दुवैको हिसाबले जतिसुकै टाढा भएपनि आफुले चाहेको स्थान र समयमा नेटवर्क प्रविधिबाट ज्ञान र अनुभबहरु आदान प्रदान गर्न सक्छन् । स्ट्रि मसंग ई–शिक्षा सम्बन्धि विज्ञहरु नभएतापनि यससंग एसिया प्रशान्त क्षेत्रीय प्राविधिक केन्द्र (APRTC) का सहयोगीहरु छन् जसले ई क्षमताको बृद्धि गर्न सहयोग पु-याएका छन् । APRTC एउटा क्षेत्रीय ई–शैक्षिक संगठन हो, जसले विभिन्न विज्ञहरु उपलव्ध गराउनुका साथै कम्प्युटरमा अन लाइन विषय सुचिहरु समावेश गरेको छ र अन्य प्राविधिक दक्षताहरु पनि देखाएको छ । त्यसैले स्ट्रि मले यसलाई आफ्नो उद्देश्य पुरा गर्ने सहयोगीको रुपमा लिएको छ ।

**एसिया प्रशान्त क्षेत्रीय प्राविधिक केन्द्र** (APRTC)

APRTC एसिया प्रशान्त क्षेत्रका किसान र माछा पालनसंग सम्बन्धित व्यक्तिहरुको जिवनस्तरमा सुधार ल्याउन समर्पित सेवामुलक क्षेत्रीय संस्था हो । उपभोक्ताहरुलाई विभिन्न सूचना र ज्ञानको प्रवाह गरि प्राकृतिक सम्पदालाई लामो समयसम्म उपभोग्य बनाउनको लागि यस संस्थाको स्थापना भएको हो ।यसले के विश्वास गरेको छ भने कृषि र माछा पालन व्यवसायमा भएका विकासहरु परम्परागत धारणामा सुधार गरेर भएको हो र भविष्यमा यस क्षेत्रको विकास व्यवस्थापनमा बौद्धिक क्षमताको प्रयोगमा आधारित हुन्छ । ज्ञानमा आधारित व्यवस्थापनले नै उत्पादन र मुनाफामा सुधार ल्याउनुका साथै कृषि र मत्स्यपालनमा दिगोपन ल्याउन सक्छ । APRTC ले ई–सिकाई मार्फत खास गरि कृषि र माछा पालन व्यवसायमा संलग्न व्यक्तिहरुलाई लगातार राम्रो व्यवस्थापन सम्बन्धि सूचना र ज्ञान प्रवाह गरिरहन्छ । यस्ता ज्ञानका अभाव भएका व्यक्तिहरुले ई–शिक्षा मार्फत व्यवस्थापन सम्बन्धि ज्ञान हासिल गरि आफ्नो क्षमता र दक्षता वृद्धि गर्न सक्छन् र यसमा यस संस्थाले सहयोग पु-याउँदछ ।

ई–शिक्षा मार्फत धेरै ज्ञान हासिल हुने भएता पनि यस मार्फत शिक्षा लिन चाहने व्यक्तिलाई कम्प्युटर सम्बन्धि ज्ञान हुनु पहिलो आवश्यकता हो ।

---

[1] निर्देशक APRTC बैंकक थाइल्याण्ड इमेलः robert@aprtc.org

[2] वेव निमार्णकर्ता APRTC बैंकक थाइल्याण्ड इमेलः woods_jonathan@hotmail.com

## कम्प्युटर साक्षरता (Digital Literacy)

कम्प्युटरबाट सूचना लिई फाइदा लिन चाहने जो सुकैले कम्प्युटर सम्बन्धि सामान्य जानकारी लिने कार्य नै कम्प्युटर साक्षरता हो । कम्प्युटर नेटवर्कबाट प्रसारित सुचनाहरु बुझेर त्यसबाट फाइदा लिन सक्षम हुनु नै कम्प्युटर साक्षरता हो । जोसंग कम्पयुटर सम्बन्धी सामान्य ज्ञान र केही कार्यक्रम र इन्टरनेटसंग जोडिएको कम्प्युटर छ, उसले निम्न फाइदा लिन सक्छ ।

१) थोरै लागत र समयमा इन्टरनेट मार्फत अर्को व्यक्तिसंग कुरा गर्न सक्छ ।

२) पेशागत रुपमा सक्षम र शसक्त मानिसहरुसंग कम्प्युटरबाट सम्बन्ध गरी ज्ञान आर्जन गर्न सक्छ ।

३) जहांसुकै रहेपनि कम्प्युटर मार्फत दिइएको औपचारिक र अनौपचारिक तालिमहरुबाट फाइदा लिन सक्छ ।

## STREAM र APRTC वीचको सहकार्यः

स्ट्रि मको पद्दतीले खास गरि संचारका लागी सम्भव भएसम्म सबै संचारका साधनहरुलाई उपयोग गरेर छिटो, सस्तो र विश्वसनीय ढंगले सूचना र ज्ञानको प्रचार प्रसार गर्न जोड दिएको छ । यसमा विभिन्न पत्रिकाहरु प्रकाशित गर्ने, कम्प्युटर मार्फत इन्टरनेट मिटिङ टेलिफोन सम्पर्क र समय समयमा राष्ट्रि य र क्षेत्रीय सम्मेलनहरु समावेश गरिन्छ । सूचनाहरु संकलन र प्रसार गर्न संचारका माध्यमहरुलाई शसक्त बनाउने र संचारका अन्य माध्यमहरुद्वारा ज्ञानको आदन प्रदान र सिकाईमा उपयोग गर्न स्ट्रि मले सहयोग गर्दछ ।

दुर्भाग्यिबस, जलचरसंग सम्बन्धित व्यवस्थापनका कर्मचारीहरुसंग पर्याप्त कम्प्युटर सम्बन्धि ज्ञानको अभाव रहेकोछ जसले गर्दा स्ट्रि मले आफ्नो उद्देश्य पुरा गर्न सकिरहेको छैन । स्ट्रि मले यस आवश्यकतालाई महसुस गरि राष्ट्रि य स्तरका हब(Hub) मेनेजरहरुलाई APRTC को कोर्ष अनुसार 'Digital Literacy For Agriculture' शिर्षकमा समाबेस गरि तालिम दिने व्यवस्था गरेको छ । हालै मात्र STREAM का कम्बोडिया, थाइल्याण्ड र भियतनामका साथीहरुलाई ६ हप्ते कम्प्युटर अन लाइन कोर्षको तालिम दिइएको छ । तिनीहरु एसिया र प्रशान्त क्षेत्रका कृषिका विभिन्न चौध जना अनलाइन कोर्षका सहभागीहरु मध्येका थिए ।

STREAM का चौध कम्प्युटर साक्षरता कोर्षका सहभागीहरुको अनुभव र प्रतिकृयाहरु समावेश गरि भविष्यमा लेखहरु लेख्न सक्छन् भन्ने हामीलाई आशा छ । अलि अगाडि गएर सोच्ने हो भने, हामी यस नयाँ प्रविधिको प्रयोगको बारेमा प्रत्यक्ष रुपमा जलचरका गरीव उपभोक्तासंग सूचना र ज्ञानको बारेमा पनि कुरा गर्न सक्छौं । पहिलेको अनुभवबाट नै थाहा हुन्छ कि यस्ता प्रयासहरु ग्रामिण जनसमुदायमा पनि प्रभावकारी रुपमा प्रयोग गर्न सकिन्छ ।

# जलचर पालनमा जिविकोपार्जन, रणनीतिहरु , लैंङ्गिक र सहभागिताः उत्तरी श्रीलंकामा गरिएको सहभागितात्मक अनुसन्धानको नतिजा

-लिन्डसे जे.पोल्लोक[3] र डेभिड लिटिल[4]

उत्तर पश्चिम श्रीलंकाको एउटा क्षेत्र प्रशस्त सिंचाईका तलाउहरु भएको क्षेत्रको रुपमा परिचित छ । सरकारका विभिन्न कार्ययोजना अनुसार पुनर्स्थापना भएका धेरै किसानहरुलाई यस्ता ठुला-ठुला सधैं पानी भइरहने सिंचाइका तलाउहरुले जीवन धान्नको लागि पहिले देखि नै सहयोग पु-याउँदै आएको थियो । आजभोलि तिनै पानीका तलाउहरु माछा मार्ने र यसको व्यापार गर्नेहरुको लागि सहायक सिद्ध भएको छ । उनीहरु टिलापिया जातका माछा पालन गर्दछन् । नयाँ पिंढिको आगमनको साथसाथै कृषिमा भएको लागत बृद्धिले गर्दा पनि अधिकांश तलाउका छेउमा बस्दै आएका आदिबासीहरु पनि माछा पालन प्रति आकर्षित हुन थाले । यसले गर्दा माछालाई आफ्नो जिविकाको माध्यम बनाउनेहरुको चाप ती तलाउहरुमा क्रमशः बढ्न थाल्यो । तलाउहरुमा माछा समाउने कार्य मौसममा निर्भर रहेको छ । त्यहाँ पानीको फैलावट कम र हावा कम चल्ने वेलामा माछा मार्ने काम सबभन्दा बढी र पानीको फैलावट बढी र हावा बढी चल्ने मनसुन मौसममा कम माछा मारिन्छ ।

माछा समाउने कार्य मौसम अनुसार घटबढ हुंदा माछा मारेर हुने आम्दानीमा पनि कमी आई यस व्यवसायमा निर्भर हुनेहरुलाई निकै असर पार्छ । यस्तो मौसमी घटबढबाट बच्नको लागि श्रीलंकाको उत्तर पश्चिम क्षेत्रलाई पिंजडामा टिलापिया जातका माछा हुर्काउने प्रविधिको प्रयोगको लागि अध्ययन क्षेत्र छानियो । तलाउहरुबाट जिउंदा माछाहरु समातेर पिंजडामा संकलन गरिन्थ्यो र यस्ता पिंजडा स्थानीय सस्ता कच्चा पदार्थहरुबाट बनाइएको थियो । ति माछाहरुलाई विना लागतमा तयार हुने खानेकुराहरु जुन घरमै धानको ढुटो र खेरगएका माछाको मिश्रणबाट बनाइएको दाना खुवाईन्थ्यो ।

## सहभागिताः

यस लेखले पिंजडामा माछा हुर्काउने प्रविधिको प्रयोगको सम्बन्धमा र यसमा सहभागी व्यक्तिहरुले सामना गर्नुपरेका बाध्यताहरुको बारेमा वर्णन गर्दछ । प्रकृति र त्यसमा संलग्नताको तहमा धेरै कुराहरुले भूमिका खेलेको हुन्छ । समुदायको किसिम र लैङ्गिक सहभागिताले कसरी जनताहरु यस्ता कार्यमा सहभागी हुन्छन् भन्ने कुरा दर्शाउँछन् ।

## कृषि समुदायहरुः

माछा समाउने र विक्रि गर्ने कार्य सम्पूर्ण रुपमा पुरुषहरुसंग सम्बन्धित देखिन्छन् र यसमा महिलाहरुको संलग्नता चाहिं केवल जालहरु सफा गर्ने, त्यसलाई मर्मत गर्ने र कहिले काहिं माछा प्रशोधन गर्ने र माछा सेकाउने कार्यमै सिमित छ । यसको परिणाम स्वरुप पिंजडामा माछा पाल्ने अनुसन्धानात्मक परिक्षणमा पनि केवल पुरुषहरुले मात्र रुचि देखाएका थिए ।

**महिला सहभागिताः** माछा मार्ने कामसंग सम्बन्ध रहेका विद्यमान स्थानीय संस्कृतिको प्रभाव र विभिन्न श्रोतहरु सम्म महिलाको पहुंच नपुग्नाले पनि पिंजडा प्रविधिको प्रयोगमा महिलाको सहभागितामा अप्ठयारो सृर्जना भयो । अहिलेसम्म महिलाहरुको पहुच जिउँदा माछा राख्न र डुंगा चढेर माछालाई खाना दिन पिंजडासम्म जानुपर्ने हुदाँ तिनीहरुको सहभागितामा अप्ठयारो भएको छ । उनीहरुलाई पिंजडाभित्र माछालाई कसरी जिवितै राख्न सकिन्छ भन्ने कुरा नै थाहा छैन ।

**पुरुषको सहभागिताः** जीवन पद्धति सम्बन्धि अनुगमन सूचांकहरुका अनुसार पिंजडामा माछा पाल्ने कार्यमा पुरुषहरुको सहभागिता उनीहरुको अन्य आय आर्जन गर्ने कृयाकलापमा निर्भर गर्छ । कृषि व्यवसायमा व्यस्त भएको समयमा उनीहरु पिंजडाको कृयाकलापमा ध्यानै दिंदैनन् । यसबाट यो थाहा हुन्छ कि पिंजडाको व्यवसाय उनीहरुको कम प्राथमिकताको क्षेत्र हो तैपनि विकासको क्रमसंगै भविष्यमा पिंजडा व्यवसायमा परिवर्तन नआउला भने भन्न सकिन्न । यसभन्दा बाहेक पिंजडामा छाडिने माछा पर्याप्त नहुंदा पनि कतिपय सहभागीहरुले पिंजडाको

[3] पिएचडी अनुसन्धानकर्ता र इमेलः j.pollock@stir.ac.uk
[4] अनुसन्धान लेक्चरर इमेलः d.c.little@stir.ac.uk

गतिविधि नै बन्द गरिदिए र भएका माछाहरु पनि सबै मारे । तर सकरात्मक कुरा के पनि देखियो भने केही किसानले चाँही पिंजडामा केही माछापालन गरे । किसानहरुले आफ्नो पिंजडाको संख्या एकबाट तीन पनि पु-याए यिनीहरुको रुचि एउटै ठुलो पिंजडामा माछा पाल्नु भन्दा एक भन्दा बढी साना साना पिंजडामा माछा पाल्नेमा देखियो यसको कारण साना पिंजडाहरुमा लगानी डुब्ने डर पनि कम हुने र जोखिमलाई पनि कम गर्न सकिने देखियो ।

### माछा मार्ने समुदायहरुः

श्रीलंकामा माछा व्यवसायमा संलग्न परिवारहरु धेरै जसो समुद्री किनार छोडि समुद्रभन्दा टाढा ठुला तलाउका नजिक बस्न थाले । ती समुदायहरुमा खेती गर्ने भन्दा माछा मार्ने परम्परा ज्यादै सुदृढ थियो । यस समुदायका महिलाहरु कृषि समुदायका महिलाहरु भन्दा ज्यादा सक्रिय  रुपमा माछा मार्न र माछासंग सम्बन्धित कृयाकलापमा सहभागी हुन्थे । यस्ता समुदायमा माछा मार्ने सम्बन्धी सामान्य लैङ्गिक अवधारणहरु मात्र थिए र कतिपय अवस्थामा लोग्ने श्रीमति दुवैजना संगसंगै माछा मार्न जान्थे । तर धेरै महिलाहरु पुरुषको उपस्थिति विना माछा मार्न जान चाहिं हिच्किचाउंथे । यसबाट माछा पालन समुदायका महिलाहरुमा पनि पुरुषहरुको सहयोगमा मात्र माछा मार्ने काममा संलग्न रहन्थे भन्ने जानकारी पाइन्छ ।

**महिला सहभागिताः** जव माछा मार्ने समुदायमा पिंजडा प्रविधिको शुरुवात गरियो, सर्वप्रथम महिलाहरुले नै पिंजडा राखेर पुरुष भन्दा पहिले यस क्षेत्रमा आफ्नो सहभागिता जनाए । महिलाहरु यसप्रति धेरै आकर्षित भएता पनि उनीहरुले पुरुषको सहयोग विना पिंजडाको व्यवस्थापन गर्न नसकेको पाइयो । महिलाहरुलाई पिजडामा राख्ने माछा समाउने कार्यमा पुरुषको सहयोगको आवश्यकता पर्थ्यो । यसकारण यस समुदायका सबभन्दा  गरीव महिलाहरु, जो घरका मुलि पनि आफै थिए, तिनीहरुले पिंजडा प्रविधिको शुरुवात नै गर्न सकेनन् । श्रीमान् वा अन्य पुरुष नातेदारहरु भएका महिलाहरुले भने पिंजडाको व्यवस्थापनलाई निरन्तरता दिन सके किनकि पुरुषहरुको माछा सम्बन्धि कृयाकलापले गर्दा उनीहरुलाई पिजडामा राख्ने माछा समाउन पुरुषहरुले सहयोग पु-याएका थिए । यस समुदायका धेरै महिलाहरुले आफ्ना नातेदार वा पुरुषहरुले माछा समाउने कार्यमा अन्य कार्यमा जस्तो प्राथमिकता दिई सहयोग नगरेको कुरा पनि जाहेर गरे ।

जव महिलाहरुले पिंजडा प्रविधिको सुरुवात गरे, उनीहरु पुरुषले भन्दा राम्रो व्यवस्थापन गर्नेमा दरिए । महिलाहरुमा माछाको दाना बनाएर निरन्तर खुवाउने सम्बन्धमा राम्रो दक्षताको साथै पहुंच पनि थियो किनभने, माछा प्रसोधन गर्दा वा भान्सामा काम गर्दा निस्केको फोहरबाट नै मुख्य रुपमा माछाको आहार बन्दथ्यो ।

**पुरुषको सहभागिताः** यस समुदायका पुरुषहरु सबै माछा समात्ने कार्यमा व्यस्त हुने हुनाले  उनीहरुबाट पिंजडा व्यवस्थापनमा समस्या देखाप-यो । यो समुदायमा माछा मार्ने व्यवसायमा लगनशिलता बढी भएकोले पनि माछा मार्ने कामबाट नै उनीहरु धेरै आम्दानी गर्न सक्थे जसले गर्दा उनीहरु अन्य व्यवसायतिर ध्यान दिंदैन्थे । पुरुषहरुले महिला र केटाकेटीहरुलाई माछाको आहार बनाउने र खुवाउने कामको जिम्मा लगाउंथे र आफू चाँही माछा समात्नमा नै व्यस्त रहन्थे ।

### भविष्यको सम्भाव्यताः

वितेका दुई मौसमी अनुसन्धानबाट पत्ता लागेका तात्कालिन सहभागिताको दुरुस्त वर्णन यहां गरिएको छ । कृषिका समुदायहरुको नतिजाले अन्य किसानहरुलाई पनि यस योजनामा संलग्न हुन प्रोत्साहित गरिरहेका छन् किनभने पिंजडामा माछा पाल्दा फाइदा हुन्छ भन्ने कुरा उनीहरुलाई  विश्वास भैसकेको छ । भविष्यमा यस प्रविधिमा सुधार आई उत्पादकत्वमा बृद्धि भएमा धेरै मानिसहरु यसतर्फ आकर्षित हुन सक्छन् । जिविकोपार्जन पद्धतिको विविधिकरणले जोखिमलाई बाँडन सकिने कुरा कृषि समुदायमा माछा मार्ने समुदायमा भन्दा राम्रोसंग बुझ्न सकिन्छ । भविष्यमा धेरै समुदायहरु यसतर्फ संलग्न भएमा माछा समात्ने व्यवसायमा बढि चाप परि तलाउहरुको प्राकृतिक माछा उत्पादन क्षमतामा ह्रास आई माछा मारेर जीविका चलाइरहेकाहरुको जिविकोपार्जन पद्दतीमा पनि विविधिकरण आउनु आवश्यक छ । घटबढ भैरहने आम्दानीलाई व्यवस्थित गर्न साना मत्स्य पिजडाहरुको उपयोग गर्नु यी समुदायहरुको लागि लाभदायक हुनेछ । यस पिंजडा प्रविधिलाई समय समयमा अनुगमन गर्नु यसकारण पनि आवश्यक छ कि माथिका सम्भाव्यतालाई यसले प्रमाणित गर्न सकोस् ।

# उत्तर-मध्य भियतनाममा ठूलो बाघे झिंगेमाछा पालन

-जोस्पर क्लाउसेन

## परिचयः

भियतनामको उत्तर-मध्य प्रान्तका समुन्द्री किनारका वासिन्दा र भियतनाम सरकारले कम नूनिलो पानीमा हुने झिंगे माछा पालन र ठूलो बाघे झिंगे माछा (*पिनुस मोनोडोन*) पालनमा ध्यान दिएका छन् । त्यस क्षेत्रमा प्राप्त अवसरहरु मध्ये ठूलो झिंगे माछा पालन बढी लाभदायक देखिएको छ । त्यस क्षेत्रमा खेरा गएको जमिन वा नुन उत्पादन क्षेत्रहरुबाट सिमित मात्र आम्दानी गर्न सकिन्छ तर ती ठाउँलाई ठूलो बाघे झिंगे माछा पालन गर्ने पोखरी वनाएर माछा पालन गरेमा बढी नाफा कमाउन सकिन्छ । तर यसमा पनि केही प्रश्नहरु भने खडा नभैरहदैनन् ।

यो लेखले समुन्द्री किनार नजिक झिंगे माछा पालन गर्दा भएका कमी कमजोरी र भविष्यमा गर्न सकिने गल्तीहरु तर्फ प्रकाश पार्ने जर्मको गरेको छ । यसमा उल्लेख गरिएका नतिजाहरु उत्तर-मध्य भियतनामको नेघीएन प्रान्तको क्यून्ह ल्यू जिल्लामा अक्टोवर २००० देखि मार्च २००१ सम्म गरिएको अध्ययनमा आधारित छ । यो अध्ययन कडेनमार्कको कोपेनहेगेन विश्वविद्यालयका बुझाइने सोधपत्र तयारीको क्रममा सघन र अर्धसघन रुपमा झिंगे माछा पालन गरिरहेका ३६ जना कृषकहरुसंग अन्तवार्ता लिई तयार गरिएको हो । यसका अतिरिक्त क्यून्ह ल्यू जन समितिका पदाधिकारी र जलचर अनुसन्धान संस्थान नं.१ व्याक निन्ह प्रान्तका कर्मचारीहरुसंग प्रश्नावलीमा आधारित अन्तरवार्ता लिई यो अध्ययन तयार गरिएको थियो ।

## फार्मको राम्रो व्यवस्थापनः

हामी के भन्न सक्छौ भने ठूलो बाघे झिंगे माछा ( *पि. मोनोडोन*) र अन्य जलचरहरुको पालन सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट दिगो हुने गरि गर्न सकिन्छ । यसको उदाहरण भियतनाम लगायत अन्य देशहरुमा पनि पाइन्छ । तर चीन, फिलिपिन्स र ताइवानमा झिंगे माछा पालन क्षेत्रफल छिटो बढने र उत्पादन पनि अधिक हुने तर पछि फेरी कम हुने प्रकृतिका दिगोपन नभएका अवस्था पाइएको छ । दिगोपन नहुनाको समस्याहरुमा उपयुक्त ठाउँमा पोखरी निमार्ण नगरिनु, रोग फैलनु र पोखरीको कमजोर व्यवस्थापन रहेका छन् । यि समस्याहरु झिंगे माछा पालन व्यवसायका साथै समुन्द्री तटिय क्षेत्रको पर्यावरण र अन्य गतिविधिका लागि समेत चुनौती हुन सक्छन् । यि समस्याहरुलाई पोखरीको राम्रो व्यवस्थापनबाट राम्रैसंग घटाउन सकिन्छ ।

क्यून्ह ल्यूमा भएको अवस्थाले पि. मोनोडोनको राम्रो विकास र दिगो उत्पादनका केही समस्याहरुलाई उजगार गरेको छ । थाइल्याण्डका फार्महरुको तुलनामा अर्ध सघन रुपमा झिंगे माछा पालिएका फर्मबाट वगेर आएको पानीमा बढी मात्रामा नाइट्र ोजन र फोसफोरस पाइएको छ । यसको कारणमा खाद्य रुपान्तरण अनुपात उच्च, जुन ३.४:१ सम्म रहेको छ,भएकाले हो । राम्रो व्यवस्थापन भएको पोखरीमा खाद्य रुपान्तरण अनुपात १.५ हुनु पर्छ । उच्च अनुपातमा झिंगे माछाको मृत्युदर बढी हुन्छ र माछालाई दिएको अधिकांश दानाको पोषक र प्राङ्गरिक पदार्थ पानीमा वगेर जान्छ । अर्ध सघन रुपमा माछा पालिएका पोखरीहरुको चालु लागतको ४६ प्रतिशत दानामा खर्च भैराखेको छ ।

क्यून्ह ल्यूमा झिंगे माछाको उच्च मृत्युदर ( ८०-९० %) लाई अध्ययन गर्दा के सुझाव गर्न सकिन्छ भने दानाको राम्रो व्यवस्थापन गर्दा एका तर्फ कृषकको पैसाको नाफा बढाउन सकिन्छ  भने अर्को तर्फ प्रदुषण कम गराइ वातावरण पनि राम्रो बनाउन सकिन्छ ।

झिंगे माछा पालिएका पोखरीमा झिंगे माछा बढीरहेका वेला जम्मा हुने लेदो हिलो यसको अर्को प्रभाव हो । वर्तमानमा केही कृषकहरुले मात्र पोखरीको लेदो हिलोलाई हटाएका छन् तर अन्तरवार्ता लिइएका करिव आधा जसोले चाहिदो रकम जम्मा भए पछि हिलो हटाउने आफनो योजना भएको वताएका थिए । यदि लेदो हिलो हटाउन चाहेका सबै कृषकहरुले एकै पटक लेदो हटाएका नहरमा बढी लेदो भई झिंगे माछा पालन र स्थानीय वातावरणमा समेत असर पर्ने देखिन्छ ।

क्यून्ह ल्यूमा करीव ९०% कृषकहरुले झिंगे माछा पालनका लागि कुनै पूर्व उपचार विना सिधै नहरबाट पानी लिइरहेका छन् । यस्तो अवस्थामा पानीको गुणस्तर राम्रो हुनु आवश्यक छ । यदि धेरै झिंगे माछा फार्महरुको

दिगो बिकास गर्ने हो भने पूर्व उपचारित पानी र निश्चित पोखरी दुवैको व्यवस्था सबै नयाँ फार्महरुमा हुनु आवश्यक छ । राम्रोसंग बिकास नगरिएका संघन फार्महरुको विकासले गर्दा पानीको उत्पादनशिलतामा ह्रास हुँदै जाने समस्या देखा परेको छ । यदि गरीव कृषकहरुलाई उनीहरुद्वारा अपनाइरहेको उत्पादनका तरिकाहरुमा परिवर्त गर्न आर्थिक श्रोतहरु उपलव्ध नहुने हो भने संगैका संघन रुपमा झिगे माछा पालिएकाहरुसंग प्रतिस्पर्धा गर्नु पर्दा कम उत्पादनका कारणले यो व्यवसाय छोड्न उनीहरु वाध्य हुन्छन् । हाल क्यून्ह ल्यू का नयाँ झिगे माछा पालकहरु पहिलेको तुलनामा गुमाउने हुँदै गरीव बनिरहेका छन् । यदि कृषकहरुले झिगे माछा पालन गर्नु भन्दा पहिले माछा पालनका तरिकाहरु, राम्रो व्यवस्थापनका तरिका र वातावरणीय र अन्य आवश्यकिय व्यवस्थाहरु वारे जानकारी हासिल गर्न सकेमा यि माथिका समस्याहरुबाट वच्न वा तिनीहरुलाई न्यूनीकरण गर्न सक्दछन् । कृषकहरुलाई एउटा निश्चित तहको तालिम विना माछा पाल्न शुरु गराउनु हुँदैन । उत्तर-मध्य प्रान्तमा भएको झिगे माछा प्रजननको समस्याका कारणले पनि कृषकहरुलाई तालिम दिलाउनु आवश्यक देखिन्छ ।

## निर्देशन र कानुनी मुद्दा

केही समस्याहरु राम्रो व्यवस्थापनबाट हटाउन सकिएतापनि झिगे माछा पालनलाई बढी व्यवस्थित र बिकसित गराउन केही निर्देशनहरु र कानुनी व्यवस्थाहरु हुनु आवश्यक देखिन्छ । हाल भियतनाममा यस तर्फ केही प्रारम्भिक पाइलाहरु चालिएतापनि फार्म व्यवस्थापनका कुनै विशेष निर्देशिकाहरु उपलव्ध छैनन् । भियतनामको मत्स्य मन्त्रालयले जलचर पालनका केही नियम र सर्तहरु तयार गर्ने क्रममा छ । यसका साथै केन्द्रिय र स्थानीय स्तरमा जलचर पालनमा वातावरणीय प्रभाव अध्ययन निर्देशिका पनि तयार हुँदै गरेको छ । गरीवी निवारणका लागि दिगो जलचर पालन ( सापा) रणनीति भरखरै शुरु गरिएको छ ।

पाखो जमिनमा झिगे माछा पोखरी निमार्ण यसको विकासको गतिमा देखा परेको एउटा समस्या भएको छ । जति छिटो छिटो झिगे माछा फार्महरुको विकास भैरहेको छ सोही अनुपातमा कानुनी मुद्दाहरुलाई बुझ्ने र निर्णय गर्ने प्रक्रिया भएका छैनन् । अर्को समस्या स्थानीय स्तरमा निर्देशिकाहरु लागु गर्नमा देखिएको छ । भियतनाम सरकारले यी कुराहरुलाई राम्रोसंग नै मनन गरेको छ र कतिपय अवस्था र प्रक्रियाहरुमा स्थानीय जनताहरुको सहभागितामा बढाव पनि दिइरहेको छ । सरकारी र गैह्रसरकारी निकायका प्रसारकर्ताहरु, जो ऐन कानुन र निर्देशिकाहरु कार्यान्वयनमा संलग्न छन्, ले झिगे माछा पालकहरु र स्थानीय सरोकारवालाहरुको सहभागितालाई प्रबर्द्धन गर्नु महत्वपूर्ण हुन्छ । यसले सरकारले गर्न चाहेको काम सजिलोसंग सम्पन्न हुन्छ ।

## निष्कर्ष :

उत्तर-मध्य भियतनाममा बाघे झिगे माछाको पालनको शुरुवात सफल देखिएको छ । तर केही प्रान्तमा भएको यसको छिटो बिकासले वर्तमानमा योजना तर्जुमा र वातावरणीय प्रभाव सम्बन्धी कामहरुको निरन्तरतामा अप्ठयारो सिर्जना भएको छ । तटीय क्षेत्रका जनताले आफनो फार्महरुलाई झिगे माछा पालनको फार्ममा परिणत गर्नु भन्दा पहिले नै तटिय क्षेत्रको बिकासको कानुनी प्रक्रिया र योजनाहरु तयार गर्नु पर्छ । झिगेमाछा पालनको निर्देशित र योजनाबद्ध बिकासबाट दिगो रुपमा बढी फाइदा लिन कृषकहरुलाई बढी तालिम र सही योजनाहरु निमार्ण गर्न सिकाउनु पर्छ ।

## सन्दर्भ सामाग्रीः

एमओएफआई २००१ सापा : गरीवी निवारणका लगि दिगो जलचर - रणनीति र कार्यान्वयन, हनोई, भियतनाम, मत्स्य मन्त्रालय

जोस्पर क्लाउसेन नाकाका असिष्टेण्ट अनुसन्धानकर्ता हुनु हुन्छ र उहाँको इमेल jesper@enaca.org छ ।

# नीति निर्माता र सरोकारवालाहरुसंग अन्तरक्रिया

– टो फुक टोङ*

## संरचना र खोजः

सन् १९८० र ९० को दशकताका देशभित्र  बाहिर भएको धानको  बढदो मागलाई दृष्टिगत गरि भियतनाम सरकारले धान उत्पादनमा वृद्धि गर्न र संरचनात्मक विकासको लागि लगानीमा वृद्धि गर्ने योजना बनायो, जुन विशेष गरि मेकङ नदीको डेल्टा क्षेत्रलाई लक्षित गरिएको थियो । यसैलाई कार्यरुप दिनको लागि सन् १९९३ देखि २००० सम्म करिव २००००० हेक्टर जमिनलाई नुनिलो पानीबाट संरक्षण गर्न र धान खेतीमा विस्तार गर्नको लागि मेकङ नदीको छेउछाउका सोक ट्र ाङ र ब्याक लियु प्रान्तमा बांध र नहरहरु बनाइए ।सन् १९९० को अन्ततिर क्वान लो फुङ हाएप पानी नियन्त्रण योजना अन्तरगत अन्तिम नहर बन्नु भन्दा पहिले नै भियतनामले वार्षिक ४ मिलियन टन चामल विदेश निर्यात गर्दथ्यो र स्थानिय वजारमा चामलको मुल्य धेरै तल झरेको थियो

यसै समयमा यस क्षेत्रको पश्चिमी भागमा परम्परागत रुपमा झिंगे माछा पालन गरिरहेकाहरु  माछा पालन सम्बन्धमा धेरै नयां तरिकाहरुसंग परिचित हुने मौका पाए र झिगे माछाको उत्पादन निकै बढ्यो । तिनीहरु घट्दै गएको झिंगे माछाको प्राकृतिक आपूर्तिमा लामो समयसम्म निर्भर रहेनन् र झिगे माछापालन गर्न मध्य भियतनामबाट माछाका भुरा आयात गर्न सक्षम भए । अहिले तिनीहरुलाई आफ्नो खेतमा पानीको बग्ने प्रकृया कसरी नियन्त्रण गर्ने र कसरी अनुगमन गर्ने भन्ने कुरा राम्रोसंग थाहा छ । परिवर्तित अर्थतन्त्र अन्तरगत उनीहरु अन्तराष्ट्रि य वजारमा झिगे माछा विक्रि गर्न सक्षम भएका छन् र यसले झिंगेमाछाको उत्पादन स्थल मूल्यलाई बढाई दिएको छ ।

## एउटा सहभागितात्मक आयोजनाः

नुनिलो पानीबाट संरक्षित गरिएको तटिय क्षेत्रमा दिगो श्रोत व्यबस्थापन गरि गरीवी निवारण गर्ने भन्ने अवधारणामा आधारित रहि डीएफआइडी–सीआरएफ आयोजना सन् १९९९ मा सुत्रपात गरियो यसलाई सन् २००० मा कार्यरुप दिइयो । यस आयोजनाले सहभागितात्मक अवधारण अनुसार स्थानीय सरकारसंग मिलेर पानीलाई नुनिलोपन हुनबाट संरक्षित गर्ने योजनाबाट स्थानीय जनता र वातावरणमा पर्ने परिमाणात्मक प्रभावका साथै थोरै जमिनका मालिकहरुलाई यस योजनाबाट पर्न जाने नकारात्मक प्रभाव घटाई कसरी धेरै भन्दा धेरै फाइदा लिन सकिन्छ भन्ने सम्बन्धमा विभिन्न प्रविधिहरुको पहिचान गर्ने कार्यमा अध्ययन ग–यो ।

अनुसन्धानका पहिला चरणहरुमा समुहका सदस्यहरुले स्थानीय अख्तियार प्राप्त व्यक्तिहरुसंग राम्रो सम्बन्ध राखे र उनीहरुलाई अध्ययनका उद्देश्यहरुसंग परिचित गराई त्यस वारे प्रतिक्रिया दिने र तथ्याङ्क संकलन तथा रिपोर्टिङमा सहयोगी हुन अनुरोध गरे । स्थानीय समन्वय इकाइ, जसका प्रमुख कृषि तथा ग्रामिण विकास विभागका सहनिर्देशक थिए र उनलाई सहयोग गर्न एकजना केन्द्रिय कृषि प्रसार सेवाबाट छानिएका स्थायी कर्मचारी थिए, ले अन्तर कियाहरु गर्न सहयोग पु–याएको थियो ।

## जीवन पद्दती र नीतिहरुः

जब क्वान लो–फुङ हिइप पानी नियन्त्रण परियोजनाले सन् २००० मा कार्यरुप लियो, कम नुनिलो पानी, जुन झिंगे माछा पोखरीको लागि अत्यावश्यक थियो बग्न बन्द भयो । यसबाट झिंगे माछा पालकहरुको आम्दानीमा धेरै नोक्सान भयो र उनीहरु यो व्यवसाय छाड्न बाध्य भए । यस आयोजनाले व्यबस्थित भू–उपयोगमा आएको परिवर्तन र पानी नियन्त्रण आयोजनाले पु–याएको परिमाणात्मक प्रभावको बारेमा झिंगे माछा र धान खेतीमा आधारित धनी, मध्यम र निम्न वर्गका परिवारहरुको सहभागितामा अध्ययन ग–यो । यस अध्ययनले पुर्वी क्षेत्रका धान खेती गर्ने किसानहरु फाइदामा रहेका र पश्चिमका झिंगे माछा पालकहरु, जग्गा विहिन र गरीव जो खोला नदीमा माछा मारेर जीवीका चलाउँथे  उनीहरु घाटामा रहेको पायो ।

यि तथ्याङ्कका अतिरिक्त फेब्रुअरी २००१ मा केही गुमाउने वा नोक्सान बेहोर्नेहरुले नुनिलो पानी नियन्त्रणका संरचनाहरु नै भत्काइदिए यसलाई स्थानीय सरकारले केन्द्रिय सरकारलाई प्रमाणका रुपमा देखाउन र पहिलेका

* पानी व्यवस्थापन इनजीनियर, अन्तराष्ट्रि य धान वाली अनुसन्धान केन्द्र र इमेलः T.Tuong@cgiar.org

उद्देश्यहरुमा पुर्नः विचार गरोस भन्ने चाहान्थ्यो । पहिलेका उद्देश्यहरु धान खेतीको वृद्धिको लागि थियो । स्थानीय सरकारले हाल भू-उपयोगको विकल्पको रुपमा पश्चिमी क्षेत्रमा झिंगे माछा पालन र आयोजनाको पुर्वी भागमा सघन धान खेती गर्न छुट दिएको छ ।

विभिन्न स्तरका नीति र निर्णयहरुद्व ारा भू-उपयोग र पानी नियन्त्रण सम्बन्धि योजनाहरुमा उत्पन्न भएका वर्तमान अबस्थालाई सम्बोधन गर्न सकिन्छ । व्याक लियुका प्रान्तीय र जिल्ला स्तरिय अख्तियार वालाहरुले आयोजनका समुह सदस्यहरुलाई भू-उपयोग क्षेत्रिय योजना वनाउनमा संलग्न गराए जसले पानी नियन्त्रण आयोजनाको वर्तमान अवस्था, किसानहरुको चाहना, अवसर र अवरोध पहिचान गर्न मद्दत पु-ययो । भू-उपयोग क्षेत्रिय योजनाको काम गर्ने दक्षता लगातार पानी आइरहने नहरको राम्रो व्यबस्थापनमा निर्भर गर्दथ्यो जसले झिंगे माछा पालकहरुले कम नुनिलो पानी प्राप्त गर्न सक्ने र धान खेती गर्नेहरुले स्वच्छ पानी प्राप्त गरी हरेक वर्ष सघन धान खेती गर्न सक्ने र वीचका कृषकहरुले सुख्खा समयमा झिंगे माछा पाल्ने र वर्षा समयमा धान खेती गर्न सक्ने हुन्छन् । आयोजनाका सदस्यहरुले जी.आइ.एस. हाइड्रोलिक र नुनिलो पानीको नमुनाको प्रयोग गरेर नुनिलो र स्वच्छ पानीको वहावलाई नियन्त्रित गर्ने प्रविधिको प्रयोग गरे । नहरको नेटवर्क भएर गरिएका लगातार आई रहने नुनिलो र स्वच्छ पानीको गतिको विभिन्न परिदृश्यहरुको बारेमा क्षेत्रिय भू-उपयोग नक्सा छनौट गर्नको लागि जिल्ला र क्षेत्रिय अख्तियार वालाहरुसंग छलफल गरियो । यस प्रकृयामा सवै जिल्लाहरु सहमत भए । नमुना आयोजनाको समुहले तथ्याङ्कहरु उपलब्ध गराएर होचि मिन्ह शहरमा रहेको कृषि योजना र प्रोजेक्सनमा कार्यरत भू-उपयोग योजनाकारहरुको सहयोग प्राप्त गरे ।

हाइड्र ोलिक मोडलको प्रयोग गरि पानी नियन्त्रण योजना कार्यान्वयन गर्न आयोजनाको टोलीले हाइड्र ोलिक कम्पनीसंगै मिलेर पश्चिमी क्षेत्रमा कसरी झिंगे माछा खेती गर्न सुख्खा समयमा कम नुनिलो पानी पठाउन सकिन्छ र पूर्वी क्षेत्रको २ वा ३ वाली धान लाग्ने क्षेत्रमा अझै नुनिलो पानी नियन्त्रण गरिरहन कसरी सकिन्छ भन्ने सम्बन्धमा सहकार्य ग-यो । सबभन्दा उत्तम लगातार पानी आउने परिदृश्यको कार्ययोजना चाहीं सन् २००१ मा लागु गरियो । यसको संचालन कार्य तालिका पानीको गुण नियन्त्रण नेटवर्कको प्रतिकृयासंग समायोजन हुने गरि निर्धारण गरिएको थियो र संचालन चाहीं जिल्लाकै कर्मचारीहरुद्धारा गरिएको थियो । निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्ने टोलिका सदस्यहरु जो भियतनाम भित्र र बाहिरका थिए, र स्थानिय समन्वय इकाईका वीचमा लगातार इमेलको आदन प्रदान गरिएको थियो । सन् २००१ मा लागु गरिएको यस मोडलको सन्तोषजनक नतिजा आएर नै स्थानिय अख्तियार वालाहरुले सन् २००२ मा पनि यसलाई पानी व्यवस्थापन सम्बन्धि निर्णय गर्ने साधनको रुपमा लिए ।

यस योजनाको अन्तिम समय सन् २००३ सम्ममा अनुसन्धान टोलीले यस मोडलले गाउँले जीवन पद्धतिमा पारेका प्रभावहरुबारे अनुगमन गर्नुका साथै खास गरी गरीव किसान र वातावरणमा पर्ने प्रभाव बारे अध्ययन गर्नेछ । आशा गरिएको छ कि यसरी सिकिएको पाठलाई अन्य तटिय क्षेत्रमा पनि विस्तार गर्न सकियोस्

# एसिया प्रशान्त क्षेत्रमा पोषण चुनौतिलाई सामना गर्न पोषण संचारको भुमिका

-गोर्जिना क्यारिन्स[*]

## सबैका लागि पोषणः

हामीले दैनिक खाने  खानेकुराले धेरै कार्य गर्छ । खानेकुरा मित्रता र आनन्दको श्रोत र संकेत हो । खानेकुरा शरिरको लागि आवश्यक पोषणको आपूर्ति केन्द्र भएतापनि कहिलेकाहिं यो सुक्ष्म जिवाणु, अखाद्य र रासायनिक मिश्रणका कारण व्यक्तिगत स्वस्थ्यका लागि भय र त्रास पनि वन्दछ । खान योग्य पर्याप्त राम्रो गुणस्तरयुक्त खाना पाउनमा नै स्वस्थ खानाको प्राप्ती भर पर्दछ । पोषण र स्वास्थ विज्ञानले नै पोषण तत्वयुक्त स्वस्थ खानाको राम्रो ज्ञान दिन सक्छ । तर त्यो ज्ञानलाई कसरी राम्रोसंग प्रचार सन्देश, जसले स्वस्थकर, रुचीकर खाना छनोट गर्न सहयोग र उत्प्रेरण दिन्छ , वनाउन तर्फ कमै ध्यान दिइएको छ । तर यस तर्फ धेरैको चाहाना बढदै गएको छ । स्वास्थसंग त्यति प्रचारमा नआएको धेरैलाई रुचिकर खाद्य बस्तु खाने सम्बन्धमा कुन चाहिं खानाले स्वास्थ राम्रो बनाउन सहयोग गर्छ भन्ने  सम्बन्धी ज्ञानलाई राम्रो तरिकाले विकास र संचार गर्नुपर्ने देखिन्छ ।

सन् १९९२ मा डब्लु. एच्. ओ. ⁄ एफ. ए. ओ. ले गरेको  अन्तराष्ट्रि य सम्मेलनमा खाने कुरामा  पाइने पोषणले हाम्रो जीवनमा खेल्ने भुमिका बारे महसुस गरि सबैका लागि राम्रो पोषण लक्ष्य राखी “ पोषण घोषणा र कार्ययोजना पारित“   ग- यो जसलाई पुरा गर्नु सबैको साझा दायित्वको रुपमा  रहेको छ । उक्त लक्ष्य पुरा गर्नको लागि  समाजका कृषि, स्वस्थ्य र शिक्षा, वित्त र योजना, खाद्य उद्योग, उपभोक्ता र गैह्र सरकारी संगठन सबै वचन वद्ध र संलग्न हुनु पर्छ ।

संसारका विभिन्न क्षेत्रहरुसंगको तुलनात्मक सन्दर्भमा हेर्दा एसियाले अन्य क्षेत्रको भन्दा स्वस्थ्य र संचार प्राथमिकताको दृष्टिले फरक दुई किसिमको पोषण चुनौतिहरुको सामना गर्नुपरेको छ । जस्तैः अपर्याप्त पोषण र अधिक पोषण ।

### अपर्याप्त पोषण उपभोगः

एसियाको एउटा ठुलो जमात निश्चित पोषणतत्वको कम उपभोग गर्नु पर्ने समस्यामा परेको छ । आजभोलि यो संख्यामा केही कमी आएको महसुस गरिएता पनि कुपोषणको समस्या अझै पनि एसियाका धेरै  देशका ग्रामिण क्षेत्रहरुमा विद्यमान रहेको पाइन्छ । यसका प्रमुख कारणहरुमा खानेकुरामा धेरै छनौट गर्ने अवसर प्राप्त नहुनु, स्थानीय उत्पादनमा मात्र  पहुंच हुनु र खानेकुराको प्राप्तीमा मौसमी घटबढ हुनु आदि हुन् ।

आधारभूत भोकमरी (प्रोटिन र अन्य शक्तियुक्त खानाको अभाव) नै अपर्याप्त पोषणको उदाहरण हो । सुक्ष्म पोषण खास गरि  आइरन, भिटामिन ए, जिन्क, आयोडिन र क्याल्सियम आदिको अभाव त्यति  सहज रुपमा थाहा पाउन नसकिएता पनि सम्भवत एसियाको ठुलो जनसंख्या यसैको अभावका कारण खराव स्वास्थ लिई बांच्न बाध्य छन् । अप्राप्त पोषणको प्रभाव महत्वपूर्ण र सिधा हिसावले देश विकासमा पनि देखिन्छ । अपर्याप्त  सुक्ष्म पोषणका कारण व्यक्तिको  मानसिक विकासमा अवरोध आउने, रोग लाग्ने संभावना बढने, जन्मदरमा बृद्धि हुने र बच्चाको मृत्युदर बढी हुने सम्भाबना हुन्छ ।

बच्चा र गर्भवती अवस्थाका महिलाहरुमा पोषणको कमीले हुने समस्याहरुको जोखिम बढी देखिएको छ । यसको कारण यस अवस्थामा महिला र बच्चाहरु दुवै समूहलाई बढी पोषणयुक्त खानाको आवश्यकता पर्ने भएता पनि कतिपय अवस्थामा परम्परागत खानाको कारणबाट कमसल खाना प्राप्त हुने हुन्छ । बच्चा र महिलाहरुमा पोषणको कमीबाट हुने समस्याहरु बढी देखिने र अपर्याप्त पोषणको सम्बन्ध खास गरि महिलाहरुमा कम शैक्षिक स्तर हुनु, कम तौलको बच्चा जन्मनु, बच्चाको उमेर अनुसार शारिरिक र मानसिक विकास नहुनु आदिसंग रहेकाले यि समूहहरुलाई लक्षित गरि पोषण कार्यक्रम चलाउँदा बढी प्रभावकारी हुन्छ । त्यसैले पोषणको अपर्याप्तता विरुद्धको संघर्षका रणनीतिहरुमा पोषणतत्वको मिसावट, नयाँ खाद्य पदार्थको परिपूर्ति, अनुदान युक्त खाद्य योजना, सामाजिक कृषि संलग्नता र शिक्षा जस्ता कार्यक्रमहरु  शुरु गर्नु पर्दछ ।

---

[*] कार्यकारी निर्देशक, एशिया खाद्य सूचना केन्द्र र इमेलः info@afic.org

**अधिक पोषण उपभोगः**

शक्ति दिने खाना (बढी क्यालोरी, संतृप्त चिल्लो पदार्थ , प्रशोधित कार्बोहाइ्ड्रेट आदि)को धेरै उपभोग गर्ने र शारिरिक अभ्यास कम गर्दै जाने गर्नाले मोटोपन बढ्नुका साथै विभिन्न खालका रोगहरु जस्तै : मधुमेय, मुटु रोग, ओष्टियो पोरोसिस र क्यान्सर आदि लाग्ने सम्भावना हुन्छ । यस्ता खालका नसर्ने वा व्यक्तिको जीवन पद्धतिमा आधारित रोगहरु एसियाका देशहरुमा बढ्ने क्रम जारी छ ।

यि रोगहरु प्रायः बढदो जनसंख्याबाट प्रभावित हुन्छन् तापनि यसलाई आर्थिक सम्पन्नताको मुल कारण चाहिं मान्न सकिन्न किनभने यस्ता विरामीहरु गरीव र धनी दुवै हुन्छन् । सम्भबतः मानिसको शारिरिक कृयाकलापको स्तर र यस्ता नसर्ने रोगहरुको बृद्धिलाई सम्बन्धित गरेर हेर्दा भने धेरै कुराहरु थाहा पाउन सकिन्छ । औद्योगिक विकासको क्रमसंगै गाउँबाट शहरमा बसांइ सर्ने बढ्दो प्रचलनले गर्दा मानिसको शारिरिक श्रमको दर घट्दो छ । धेरै मानिसहरु जो पहिले कृषि जस्ता श्रममा आधारित पेशामा संलग्न थिए, हाल बसेर मात्र गर्ने काम गर्दछन् । जो दैनिक कडा श्रम गर्दछन् तर वास्तवमा उनीहरुको नै आम्दानी कम र सिमित पोषणयुक्त खानामा पहुच कम भएका कारण पोषणयुक्त खानाको प्राप्ती पनि कम नै छ । ती मानिसहरु जो एकै ठाउंमा बसेर काम गर्छन् वा शारिरिक श्रम कम गर्दछन्, उनीहरु आफनो शरिरलाई चाहिने शक्ति अनुसार आफनो खानामा नियन्त्रण गर्न सक्दैनन् । परिणाम स्वरुप बढी क्यालोरी उपभोगको कारण त्यो क्यालोरी बोसोमा परिणत भई मोटाउन सक्छन् । बढी मोटोपन जहिले पनि जिवन पद्धतिमा आधारित रोगको कारण बन्न सक्छ तर कतिपय अवस्थामा सामान्य तौलामा कमीले पनि रोगका लक्षणहरु नदेखिन सक्छन् । वास्तवमा कम शारिरिक श्रम नै एउटा यस्तो महत्वपूर्ण र एउटै जोखिमको तत्व हो, जुन सामान्य तौल हुंदा हुँदै पनि रोगका कारण बन्न सक्छ ।

**पोषण मार्गनिर्देशन देखि संचार सम्मः**

कुपोषण र अधिक पोषण दुवै सम्बन्धी संचारमा सामान्य विज्ञानमा आधारित पोषण जानकारीबाट विकसित गरि लक्षित समुहको चाहाना, हालको स्तरलाई विस्तृत रुपमा बुझ्रेर संचार गर्नु पर्ने भएको छ । पोषण मार्गनिर्देशनले निम्न कुराहरु प्रकाश पर्दछ ।

-स्थानिय खाद्य पदार्थको आपूर्ति (लागत, सुविधा र मौसमी आधारमा)

-जीवन पद्दतिको आधारमा (खाद्य पदार्थ जम्मा गर्न वा किन्न बनाउन र खानमा लाग्ने समय)

-आनन्दको श्रोतको रुपमा खानेकुराको महत्व (स्वाद र लोकप्रियताको आधारमा खानेकुराको छनौट)

-स्थानीय रितिरिवाज वा परम्परामा खानेकुराको सांकेतिक भूमिका (धेरै परम्पराहरु जस्तैः कुनै विशेष खाना खाएर मनाउने र कुनै व्रत बस्ने हुन्छन् आदीले खानेकुराको छनोटमा मद्दत गर्दछन् )

स्वास्थ्य र खाद्य छनोट सम्बन्धि नयां कुराहरुको बस्तुगत प्रदर्शनी पनि पोषण मार्गदर्शनको लागि उपयोगी हुन सक्छ । बस्तुगत खाद्य पदर्शनी यस्तो हुनुपर्छ जुन बस्तुलाई समाजका व्यक्तिले आफ्नो वित्तिय सामाजिक र सुविधाजनक मूल्यमा भविष्यमा आफ्नो जीवन पद्दती अनुसार छनौट गरी किन्न र प्रयोग गर्न सकोस् थोरै मात्र परिवर्तन झल्काउने नमुनाका प्रदर्शन र रणनीतिहरुले समाजमा परिवर्तन ल्याउन र मानिसहरुमा आत्मविश्वास र विश्वासनियता जगाउन सहयोगी हुन्छन् ।

शैक्षिक पोषण उत्प्रेरणा जगाइ यहांसम्म पुग्नको लागि " पोषण संचार" नै एउटा राम्रो तरिका हो जसले पोषण सम्बन्धि नयां खोज र त्यसको विकासमा जोड दिन्छ जुन जीवन पद्दतिमा लोकप्रिय पनि हुन सकोस् र वर्तमान बैज्ञानिक आधारमा पनि प्रमाणित हुन सकोस् ।

# स्ट्रि म जर्नल वारे

प्रकाशितः स्ट्रि म -क्षेत्रीय जलचर श्रोतको व्यवस्थापनका लागि सहयोग
एशिया-प्यासेफिक नेटवर्क अफ एक्वाकल्चर सेन्टर ( नाका ) सचिवालय
सरस्वतीभवन
मत्स्य विभाग परिसर
केसेटसार्ट विश्वविद्यालय
लाड्यो जाटुनेक बैंकक १०९०३
थाइल्याण्ड

**सम्पादक मण्डल :**

ग्राम हेलर -स्ट्रि म निर्देशक
लि थान्ह ल्यू-स्ट्रि म राष्ट्रि य कोओर्डिनेटर, भियतनाम
विलियम स्याभेज - स्ट्रि म संचार विशेषज्ञ
थाय सिमोनी- स्ट्रि म राष्ट्रि य कोओर्डिनेटर, कम्वोडिया

## उद्देश्यः

यो स्ट्रि म जर्नल जलचर श्रोतको उपयोग गरि आफनो जीवन पद्दति चलाइरहेका एशिया प्रशान्त क्षेत्रका गरीवहरुलाई प्रभावित गर्ने सहभागीता, संचार र नीतिहरुको प्रवर्द्धन गर्ने उद्देश्यले त्रैमासिक रुपमा प्रकाशित भैरहेको छ । यसको अर्को उद्देश्य यस क्षेत्रमा जलचर श्रोत व्यवस्थापन र अन्य क्षेत्र वीचमा अन्तर सम्बन्ध कायम गराउने हो । स्ट्रि म जर्नलले सिमित श्रोतहरु भएका विशेष गरी जलचर श्रोत व्यवस्थापनसंग जीवन पद्दति गाँसिएका जनतासंग सम्बन्धीत मुद्दाहरु र समुदायमा कार्यरत सरकारी, गैह्रसरकारी र अन्तराष्ट्रि य कार्यकर्ताहरुसंग काम गर्ने मुद्दाहरुलाई समेटदछ । यस्ता मुद्दाहरुमा सिकाई, द्धन्द्ध व्यवस्थापन, कानुनी व्यवस्था, जीवन पद्दति, लैङ्गिक, सहभागिता, सरोकारवालाहरु र संचार रहेका छन् ।
यसको अर्को महत्वपूर्ण उद्देश्यमा शैक्षिक क्षेत्रमा उपयोगी सामाग्रीहरु जुन क्षेत्रगत विषय विशेषज्ञहरुद्वारा तयार गरिएका हुन्छन्, लाई समेटनु पनि हो । यसले कुनै संघ संस्थाको अवधारणलाई भन्दा व्यक्तिगत अनुभवमा तयार गरिएका धारणाहरुलाई प्राथमिकता दिई समेटदछ । यसमा छापिने लेखहरुको विषय बस्तुको जिम्मेवारी लेखकको भए पनि त्यसमा सम्पादक समूहले केही हेरफेर र सुधार गर्न सक्दछ ।

## वितरणः

स्ट्रि म जर्नल तिन रुपमा पाठकहरु समक्ष पुग्दछ
१. इलेक्ट्र ोनिक रुपमा जसलाई स्ट्रि मका संचार केन्द्रहरुले छपाई गरि वितरण गर्न सक्छन्
२. स्ट्रि म वेवसाइट www.streaminitiative.org बाट डाउनलोड गरि हेर्न सकिने
३. छापिएको अवस्थामा नाकाको सचिवालयबाट वितरण गरिने

## योगदान :

जलचर श्रोतहरुको उपयोग कर्ता र उनीहरुसंग काम गर्नेहरुले आ-आफना लेखहरु पठाएर यस जर्नलमा योगदान गर्न सक्नु हुन्छ । त्यसै गरि समुदायमा कार्यरत समकक्षी संघ संस्थाका साथीहरुलाई पनि आ-आफना लेखहरु पठाई सहयोग र योगदान गर्नु हुन अनुरोध गरिन्छ ।
लेखहरु साधारण अग्रेजी भाषामा एक हजार शब्दमा नबढाई लेखिएको हुनु पर्दछ ।
लेखहरु यस जर्नलका सम्पादक विलियम साभेजलाई इमेल savage@loxinfo.co.th मा पठाउन सकिन्छ ।

## बढी जानकारीका लागि सम्पर्क :

ग्राम हेलर ( Graham Haylor) -स्ट्रि म निर्देशक
इमेल : ghaylor@loxinfo.co.th

# स्ट्रि म वारे

क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग (स्ट्रि म)को नेतृत्वदायी कार्यको प्रारम्भ जलचर श्रोतहरुको संजाल केन्द्र, एशिया प्रशान्त क्षेत्रको निश्चित पाँच बर्षे कार्यक्रम चक्र भित्र रही कार्य गर्ने गरि गरिएको हो ।यसका मुख्य उद्देश्यहरु जलचर क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुलाई निम्न कार्यहरुमा सहयोग पु-याउनु हो ।

- भैरहेका र प्राप्त हुने सूचनाहरुको बढी शशक्त रुपमा उपयोग गर्न
- गरीव जनताको जीवन निवार्ह पद्दतिलाई राम्रोसंग बुझ्न र
- गरीव जनतालाई उनीहरुको जीवन निवार्ह पद्दतिमा प्रभाव पार्ने नीति र बिकास प्रक्रियाहरुमा बढी सहभागी हुनु र प्रभाव पार्न सहयोग पु-याउन

नीति र प्रक्रिया बिकासमा संलग्न संस्थाहरुलाई सहयोग र उनीहरुको निम्न कार्य गर्न क्षमता अभिबृद्धि गरि स्ट्रि मले यी माथिका उद्देश्यहरु पूर्ति गर्दछ ।

- गरीव जनताको जीवन पद्दतिमा प्रभाव पार्ने जलचर श्रोतहरुको व्यवस्थापनका मुद्दाहरु पहिचान गर्न
- विभिन्न व्यवस्थापन पद्दतिहरुको अनुगमन र मुल्यांकन गर्न
- सूचना र जानकारीहरु बढाउन र
- सोही क्षेत्र र अन्तर क्षेत्र र देशहरु वीच सूचना संजालको निमार्ण गर्न

नाका (*NACA)*लाई सहयोग गरिरहेका विभिन्न सहयोगी (AusAID, DFID, FAO, VSO) हरुको सहयोगमा नै स्ट्रि मको गतिविधिहरु संचालित भैरहेका छन् ।यसले अपनाएको पद्दतिमा जलचर श्रोतहरुको व्यवस्थापनमा संलग्न सरोकारवालाहरु वीचमा सम्बन्ध कायम गराउने र उनीहरुलाई स्ट्रि मले चाहे जस्तो कार्य तर्जुमा, कार्यान्वयन र व्यवस्थापनमा गर्नमा सहयोग अभिबृद्धि गर्ने रहेकोछ ।

स्ट्रि मले कार्य गरेका देशहरुमा साझेदारहरुको कार्यको समन्वय राष्ट्रि य समन्वय दल, जसमा त्यहाँको सरकारले स्विकार गरेका एक जना सिनियर अफिसर राष्ट्रि य समन्वय कर्ता र संचार केन्द्र व्यवस्थापक हुन्छन्, ले गर्दछ र यसले स्थानीय सरोकारवालाहरुसंग पनि सम्बन्ध कायम गर्दछ । संचार केन्द्रका लागि आवश्यक सामाग्रीहरु, सफटवायर, तालिम सूचना प्रविधि सहयोग, संजाल निमार्ण, मानवीय संसाधन विकास र इन्टरनेटमा आधारित क्षेत्रीय संजाल भित्रका राष्ट्रि य सरोकारवालाहरुसंग अन्तरसम्बनध कायम गर्न सहयोग गरिन्छ ।

राष्ट्रि य समन्वय दलले हरेक वर्ष राष्ट्रि य सरोकारवालाहरुसंग परामर्श गरि तयार गरेको राष्ट्रि य रणनीति पत्रको पुर्नः मुल्यांकन गर्दछ र आवश्यक परिमार्जन गर्दछ । राष्ट्रि य रणनीति पत्रले मुख्य मुद्दाहरु पहिचान गर्ने, क्षेत्रीय सम्बन्धलाई प्रकाश पार्ने, उद्देश्यहरु र मुख्य गतिविधिहरुमा प्राथमिकता दिने र स्ट्रि म र वाहृय श्रोतहरुबाट कोष जुटाउने कार्यमा सहयोग गर्दछ ।

स्ट्रि मको क्षेत्रीय कार्यालय, जुन नाकाको सचिवालय बैंककमा रहेको छ, ले क्षेत्रीय समन्वयको काम गर्दछ । यसका साथै कोष व्यवस्थापन र जीवन पद्दति, नीति निमार्ण, संचार र अन्य विशेष मुद्दाहरु वारे एक आपसमा अध्ययन र व्यवस्थापन गर्दछ । संचारले अन्तरक्रिया, अनुभवबाट सिकाई र साझेदारहरुका गतिविधि सम्बन्धमा सम्पर्क कायम गराउदछ ।

स्ट्रि मको कार्यान्वयन चाही गर्दै सिक्दै गर्ने प्रक्रिया अन्तरगत प्रथम चरणमा कम्वोडिया र भियतनाममा लागु गरिएको छ । यसको विस्तार चाँही गरीवी निवारण लागि कार्य गर्न सकिने उपयुक्त अवस्था भएका एशिया-प्रशान्त क्षेत्रका देशहरुमा गरिन्छ । ती क्षेत्रमा हासिल हुने अनुभव, सिकिने पाठ, प्रभावको प्रदर्शन र थप कोषको व्यवस्था अनुसार सुशासनलाई प्रोत्साहन हुने गरि कार्य गरिने छ । स्ट्रि मको संचार रणनीतिको उद्देश्य वर्तमान ज्ञान र विशेषज्ञताको परिवर्तित प्रक्रिया अनुसार क्षेत्रीय स्तरमा आदन प्रदान गराउने, अनुभवहरु साटासाट गर्ने र एशिया प्रशान्त क्षेत्रमा यसका प्रभावलाई विस्तार गर्ने रहेको छ । स्ट्रि म जर्नल र वेबसाइटमा भएको छलफल मञ्च नै यो रणनीतिलाई सहयोग गर्ने मुख्य अंग हुन्

स्ट्रि म कम्वोडिया संचार केन्द्र
सिम भि-याक, व्यवस्थापक
cfdo@camnet.com.kh

स्ट्रि म भियतनाम संचार केन्द्र
ट्र ान नगोक माई, व्यवस्थापक (अस्थायी)
STREAMSAPA@vnn.hn.vn